वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक ३१७ | २०८२ चैत्र २९ गते आइतबार, नेपाल सम्वत् ११४६ April 12, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-









## स्वास्थ्य सेवा

तनहुँको म्याग्दे गाउँपालिका-६ को मनपाङ स्वास्थ्य चौकीमा स्थानीय सेवाग्राहीहरू स्वास्थ्य सेवा लिँदै । गाउँघर क्लिनिक कार्यक्रम अन्तर्गत गाउँपालिकाको स्वास्थ्य शाखाले टोलटोल र वडामा प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ ।

*तस्विर : भञ्ज्याङ*

# प्रतिनिधिसभाको प्रथम अधिवेशनद्वारा प्रक्रियागत काम पूरा, आगामी अधिवेशनका निम्ति मार्ग प्रशस्त

**प्रकाश सिलवाल/काठमाडौं**

प्रतिनिधिसभाको पहिलो अधिवेशनले प्रक्रियागत काम पूरा गरेर आगामी अधिवेशनका निम्ति मार्ग प्रशस्त गरेको छ। अधिवेशनले प्रतिनिधिसभाको सभामुखमा डोलप्रसाद अर्याल र उपसभामुखमा रूवीकुमारी ठाकुर तथा राष्ट्रियसभाको उपाध्यक्षमा लीलाकुमारी भण्डारीलाई निर्वाचित गरेको छ

दुवै सदनको अधिवेशनको अन्तिम बैठकमा संयुक्त र एकल समितिहरूमा सदस्यहरूको मनोनयन गरेको छ । समितिहरूको मनोनयन भएकाले अब ती समितिहरूले आफ्नो सभापति चयन गरी संसदीय गतिविधि अघि बढाइने संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिनुभयो । आउँदो वैशाख ४ गते प्रतिनिधिसभाका समितिहरूका सभापतिको निर्वाचन हुनेछ ।

प्रतिनिधिसभाको नयाँ नियमावली मस्यौदा गर्न समिति गठन भएको छ। शुक्रबार मध्यरातदेखि अन्त्य भएका संघीय संसद्का दुवै सदनका अधिवेशनबाट आगामी बजेट अधिवेशनमा प्रस्तुत हुने सरकारको आगामी नीति, कार्यक्रम, बजेट तथा विधेयक पेस गर्ने मार्ग प्रशस्त भएको छ ।

प्रथम अधिवेशनमा छ दिनमा छ पटक प्रतिनिधिसभाका बैठक भए। यी बैठकबाट जम्मा १० घण्टा ५० मिनेट संसदीय कार्य भएका थिए। राष्ट्रियसभाको बिसौँ अधिवेशनमा पाँच वटा बैठकमा पाँच घण्टा ४५ मिनेट व्यतीत भएको थियो । अधिवेशनको अन्तिम दिन शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुभयो ।

सिंहदरबारस्थित नवनिर्मित संसद्भवनमा नवनिर्वाचित सांसदहरूले पद तथा गोपनीयताको शपथ लिएसँगै प्रतिनिधिसभा निर्वाचनमा झन्डै दुई तिहाइ बहुमत प्राप्त राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ




नेता वालेन्द्र शाह प्रधानमन्त्रीमा नियुक्त हुनुभयो । यही चैत १३ गते उहाँको नेतृत्वमा गठित मन्त्रिपरिषद् तथा त्यसपछि विस्तार भएको मन्त्रिपरिषद्सम्बन्धी सूचनाबारे बैठकलाई जानकारी गराइएको थियो।

पहिलो अधिवेशनमा प्रधानमन्त्री शाहले संसद्का बैठकलाई सम्बोधन गर्नुभएन । प्रतिनिधिसभाबाट निर्वाचन, मतदाता र नेपाल विशेष सेवाजस्ता विषयका तीन अध्यादेश स्वीकृत भए । संसद्को पहिलो अधिवेशनमा नयाँ कानुन तर्जुमा भएनन् । संसद् सचिवालयमा दर्ता भई सदनमा पेस भएको 'वैकल्पिक विकास वित्त विधेयक, २०८२' सैद्धान्तिक छलफल भएपछि सम्बन्धित समितिमा पठाउन बाँकी छ । प्रतिनिधिसभा विघटन भई निर्वाचनको मिति घोषणापछि सभामा यसअघि विचाराधीन सबै विधेयक स्वतः निष्क्रिय भएकाले नयाँ सरकारले प्राथमिकतामा राखेका विधेयकलाई आवश्यक परिमार्जन सहित पुनः पेस गर्नुपर्ने छ ।

"दुवै सदनमा अधिवेशन छोटो अवधिमा सौहार्द्र वातावरणमा सकिएको छ। सदनले नेतृत्व पाएको छ । समितिमा सदस्यहरु मनोनयन भएको छ । समितिहरूमा विधेयकका दफाबार छलफलका लागि तत्काल बिजनेस छैन तर विषयगत मन्त्रालयका काम र कानुनको कार्यान्वयनमा अनुगमन, मूल्याङ्कन र आवश्यक निर्देशनका काम हुन सक्छन्", प्रवक्ता गिरीले राससँग भन्नुभयो, "यी काममा समितिका सभापतिहरूको चयनपछिका सम्बन्धित समितिका बैठकले आवश्यक निर्णय गर्नेछ ।"

प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त समितिका रूपमा रहेको संसदीय सुनुवाइ समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा दुबै सदनबाट सदस्यहरूको मनोनयन भइसकेकाले अब ती समितिका कामले पनि गति पाउनेछन् ।

कार्यकारिणीले सार्वजनिक महत्वका पदमा नियुक्तिका लागि प्रस्ताव गरेका व्यक्ति तथा पदाधिकारीको दक्षता, क्षमता र इमान्दारिता व्यवस्थापिकाद्वारा परीक्षण गरी कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी र जवाफदेही तुल्याउने लोकतान्त्रिक प्रक्रिया संसदीय सुनुवाइ भएकाले यो समितिको महत्व अधिक छ ।

नेपालको संविधानको धारा, २९२ को उपधारा (१) मा संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनुअघि संघीय कानुनबमोजिम संसदीय सुनुवाइ हुने छ भन्ने व्यवस्था गरिएको छ । हाल सर्वोच्च

*बाँकी दोश्रो पेजमा*

# आयुर्वेद चिकित्सालयबाट २२ हजार ८५६ जनाले लिए सेवा

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

प्रदेश आयुर्वेद चिकित्सालय दमौलीमा आयुर्वेदिक उपचारतर्फ बिरामीको आकर्षण बढ्दै गएको छ। चालु आर्थिक वर्षको साउनदेखि फागुन मसान्तसम्मको आठ महिनामा २२ हजार ८५६ जनाले सेवा लिएका छन् ।

तनहुँसहित छिमेकी जिल्ला लमजुङ, कास्की, चितवन, गोरखाबाट समेत बिरामी उपचारका लागि आउने गरेको सो कार्यालयले जनाएको छ । कार्यालयबाट दिइने सेवा प्रवाह छिटो छरितो र प्रभावकारी भएका कारण बिरामीको आकर्षण बढदै गएको कविराज निरीक्षक एवं सूचना अधिकारी सोमकान्त पौडेलले जानकारी दिए ।

सूचना अधिकारी पौडेलका अनुसार साउनमा दुई हजार ६५३, भदौमा एक हजार ८९९, असोजमा एक हजार ४८३, कात्तिकमा दुई हजार १३७, मङ्सिरमा तीन हजार ८२२, पुसमा चार हजार ६३७, माघमा तीन हजार ३२, फागुनमा तीन हजार १९३ जनाले सेवा लिएका छन्।

उक्त चिकित्सालयमा स्नेहन, श्वेदनबाहेक दैनिक ३५ देखि ६५ सम्म बिरामी उपचारका लागि आउने गरेका छन् । उनले भने,



"अधिकांश बिरामी पेटसम्बन्धी समस्याका हुने गरेका छन् ।" कार्यालयका अनुसार ओपिडी सेवा बिहान ९:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म नियमित सञ्चालनमा हुँदै आएको कार्यालय प्रमुख आयुर्वेद चिकित्सक डा नारायण श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार विशेषगरी अम्लपित्त, बाथ, श्वासप्रश्वास, फिसर फिस्टुला, प्रेसर, सुगर, महिला प्रसूतिलगायत बिरामीको संख्या अधिक हुने गरेका छन् ।

# बुढिंदो किसान, बाँझिँदो जमिन र खुम्चिँदो खाद्य सुरक्षा




संसारमा किसानहरूको संख्या कति छ र कस्तो उमेरका मानिसहरु कृषि पेसामा लागेका छन् भन्ने कुरामा कृषिको स्थिति र भविष्य निर्भर रहन्छ। विभिन्न अध्ययनहरूले देखाएअनुसार संसारभरका करिब सवा आठ अर्ब बासिन्दाका लागि खाद्य पदार्थ उपलब्ध गराउने किसानहरूको औसत उमेर निरन्तर रूपमा बढिरहेको छ।

बिहानको मिर्मिरेदेखि बेलुकाको झिसमिसेसम्म खेतीपाती गर्ने, पशुपालन गर्ने र कृषिजन्य जमिनको संरक्षण गर्ने किसानहरु बुढिँदै जाँदा त्यसले विश्वको खाद्य सुरक्षा, ग्रामीण अर्थतन्त्र र कृषिकै भविष्यमा गहिरो प्रभाव पार्न सक्छ। यस्ता असरहरूलाई न्यूनीकरण गर्न समयसापेक्ष हस्तक्षेप आवश्यक देखिन्छ। यस लेखमा किसानहरूको बढ्दै गएको औसत उमेर, यसका कारण, परिणाम तथा सम्भाव्य व्यावहारिक समाधानका बारेमा विवेचना गर्ने जमर्को गरिएको छ।

**आँखा खोल्ने तथ्याङ्क**

संसारमा कति मानिस कृषि पेसामा लागेका होलान् भन्ने ठोस तथ्याङ्क उपलब्ध हुन सहज छैन। सन् २०१६ मा 'विश्व विकास' जर्नलमा प्रकाशित एक प्रतिवेदनअनुसार संसारमा करिब ५७ करोड किसानले करिब ५ अर्ब हेक्टर जमिनमा खेती गर्छन्। संसारका कुल ५७ करोड किसानमध्ये ७४ प्रतिशत (करिब ४२ करोड) त एसिया महादेशमा मात्रै छन्। चीन र भारतमा मात्रै क्रमशः २० करोड र १४ करोड किसान रहेको अनुमान छ।

संसारभरका किसानहरूमध्ये करिब ८४ प्रतिशत साना किसान (२ हेक्टरभन्दा कम जमिन भएका) छन्, तर उनीहरूले संसारभरको खेतीयोग्य जमिनमध्ये करिब १२ प्रतिशतमा मात्र खेती गर्छन्। बाँकी १६ प्रतिशत ठूला किसानले करिब ८८ प्रतिशत जमिनमा खेती गर्छन्। संसारका कुल किसानमध्ये करिब ९० प्रतिशत पारिवारिक किसान छन् भने करिब १० प्रतिशत संस्थागत किसान छन्।

पारिवारिक किसानले संसारमा खेती हुने करिब ७५ प्रतिशत जमिन ओगटेका छन्। सन् २०२१-२२ को कृषि गणनाअनुसार नेपालमा करिब ४१ लाख ३० हजार किसान परिवार रहेका छन्, जसमध्ये करिब १ लाख ३० हजारसँग आफ्नो जमिन नभएकाले अर्काको जमिनमा खेती गर्छन्।

किसानहरूको उमेरसम्बन्धी तथ्याङ्क विकसित देशहरूले व्यवस्थित राखेको पाइन्छ। संयुक्त राज्य अमेरिकाको तथ्याङ्कले त्यहाँ किसानहरूको औसत उमेर निरन्तर बढिरहेको देखाउँछ। अमेरिकी कृषि विभाग (USDA) द्वारा २०२२ मा गरिएको कृषि गणनाअनुसार, अमेरिकी किसानको औसत उमेर ५८.१ वर्ष पुगेको छ, जुन सन् १९९० को दशकको उत्तरार्धतिर ५० वर्ष मात्र थियो। अमेरिकी कृषि प्रणालीमा भएका संरचनागत परिवर्तन, एकीकरण र उच्च पुँजीको परिचालनका कारण नयाँ पुस्तामा फार्म हस्तान्तरण सुस्त हुनुलाई औसत उमेर बढ्नुको मुख्य कारण मानिएको छ।

युरोप पनि यो समस्याबाट अछुतो छैन। युरोपेली तथ्याङ्क कार्यालय (Eurostat) को प्रतिवेदनअनुसार सन् २०२० सम्ममा युरोपेली संघ (EU) का कृषि फार्म प्रबन्धकमध्ये केवल १२ प्रतिशत मात्र ४० वर्षमुनिका थिए भने ६ प्रतिशत ३५ वर्षमुनिका थिए। सन् १९९० को दशकदेखि नै कृषिमा युरोपेली युवाहरूको संलग्नता घट्दो छ। अस्ट्रेलियामा सन् १९९० को दशकको प्रारम्भमा किसानहरूको औसत उमेर ५२-५३ वर्ष थियो, जुन २०२१ सम्म आइपुग्दा ६३ वर्ष पुगेको छ।

एसियाली देशहरूमा पनि किसानहरूको औसत उमेर बढ्दो छ। भारतमा किसानहरूको औसत उमेर करिब ५० वर्ष छ, जुन भारतीयहरूको औसत उमेर २९ वर्षको तुलनामा धेरै बढी हो। जापान र दक्षिण कोरियामा किसानहरूको औसत उमेर क्रमशः ६८ र ६५ वर्ष रहेको तथ्यले त्यहाँको कृषि वृद्ध किसानहरूमा निर्भर रहेको प्रस्ट पार्छ। चीनमा पनि कृषिमा संलग्न प्रायः ५० वर्षमाथिका छन्।

नेपालमा पनि न्यून उत्पादकत्व र युवा वर्गको सहरी क्षेत्र वा विदेशतर्फको तीव्र पलायनले गर्दा गाउँमा कृषि पेसा धान्ने जिम्मा वृद्धवृद्धाकै काँधमा छ। सन् २०२२ को कृषि गणनाअनुसार नेपालमा कृषिमा लागेका अधिकांश मानिस ४५ देखि ६० वर्ष उमेर समूहका छन्। नेपालका करिब ३२ प्रतिशत युवा मात्र ग्रामीण भेगमा बस्छन् भने ८५ प्रतिशत ज्येष्ठ नागरिक ग्रामीण क्षेत्रमा बसोबास गर्छन्।

**खाद्य सुरक्षामा असर**

कृषि उत्पादनप्रति युवाहरूको घट्दो रूचिका कारण खेतबारीहरु बाँझो वा बेवारिसे हुँदै गएका छन्। खाद्य तथा कृषि सङ्गठन (FAO) लाई उद्धृत गर्दै 'डाउन टु अर्थ' मा प्रकाशित प्रतिवेदनअनुसार सन् २००१ र २०२३ को बीचमा संसारमा खेती हुने जमिनको क्षेत्रफल करिब ७८ लाख हेक्टर (२ प्रतिशत)ले घटेको छ। भारतमा मात्रै करिब ३६ लाख हेक्टर खेतीयोग्य जमिन घटेको छ। बुढिँदै गएको कृषक जनसत्त्या विश्वव्यापी खाद्य सुरक्षाका लागि एक गम्भीर जोखिम बनेको छ। वृद्ध किसानहरूले खेतीयोग्य जमिन परित्याग गर्ने सम्भावना बढ्दा त्यसले स्थानीय खाद्य उत्पादन क्षमता र ग्रामीण अर्थतन्त्रलाई कमजोर पार्ने निश्चित छ।

नेपालमा सन् २०११ को कृषि गणनामा करिब २५ लाख हेक्टर जमिन कृषिमा उपयोग हुन्थ्यो। सन् २०२२ सम्म आइपुग्दा यो १२ प्रतिशतले घटेर २२ लाख हेक्टरमा सीमित भएको छ। बढ्दो सहरीकरण र जग्गाको खण्डीकरणका साथै युवाहरूको पलायन र वृद्ध किसानको घट्दो कार्यक्षमता यसका मुख्य कारण हुन्।

**अन्य परिणामहरु:**

**१. नवप्रवर्तनमा अवरोध:** प्रौढ किसानहरु नयाँ प्रविधि र प्रणाली अपनाउन युवाहरूको तुलनामा बढी सतर्क वा अनिच्छुक हुन सक्छन्। यसले गर्दा कृषिको आधुनिकीकरणले अपेक्षित गति लिन सक्दैन।

**२. पुस्तान्तरणमा सुस्तता:** कृषिप्रति युवाहरूको आकर्षण नहुँदा पारिवारिक फार्महरूको पुस्ता हस्तान्तरणमा समस्या परेको छ। यसले भविष्यमा राष्ट्रको खाद्य सुरक्षामा गम्भीर संकट ल्याउन सक्छ।

**३. जोखिम न्यूनीकरणमा उदासीनता:** जलवायु परिवर्तनका कारण हुने अतिवृष्टि, अनावृष्टि र महामारीको सामना गर्न वृद्ध किसानभन्दा युवाहरु बढी सक्षम हुन्छन्। सेवानिवृत्त हुने उमेरका किसानहरु नयाँ लगानी र जोखिम मोल्न कम इच्छुक हुन्छन् ।

**४. अर्थतन्त्रमा दबाब:** ग्रामीण अर्थतन्त्रको रूपान्तरणमा यसले अवरोध पुऱ्याउँछ। कुल गार्हस्थ्य उत्पादनको करिब २५ प्रतिशत हिस्सा कृषिमा निर्भर रहेको नेपाल जस्तो मुलुकका लागि यो झनै ठूलो चुनौती हो।

**समाधानका सम्भाव्य उपायहरु :**

बुढिँदै गएका किसानका कारण सिर्जित समस्या समाधान गर्न दुईवटा दृष्टिकोण आवश्यक छन्: पहिलो- नवयुवाहरूलाई कृषिमा आकर्षित गर्ने र दोस्रो- कार्यरत वृद्ध किसानहरूलाई कृषि कार्यमा सहजता प्रदान गर्ने।

**युवामैत्री दीर्घकालीन उपायहरु:**

**युवा केन्द्रित सहायता:** युवाहरूलाई कृषिमा आकर्षित गर्न सहुलियतपूर्ण ऋण, कृषि बीमा र जग्गा करार (Lease to own) जस्ता वित्तीय व्यवस्था गर्नुपर्छ। भारतको 'किसान क्रेडिट कार्ड' यसको राम्रो उदाहरण हो।

**जग्गामा पहुँच र नीति सुधार:** दीर्घकालीन जग्गा करारको कानुनी व्यवस्था र जग्गा बैंकको स्थापना गरी युवाहरूलाई भूमि उपलब्ध गराउनुपर्छ। नेपालको भू-उपयोग ऐन २०७८ ले भूमि बैंकको आधार तयार गरे पनि यसको कार्यान्वयन फितलो छ।

**प्रविधि सेवामा साझेदारी:** डिजिटल कृषि, कृत्रिम बुद्धिमत्ता (AI) र आधुनिक यन्त्रहरूको प्रयोग बढाउनुपर्छ। महँगा कृषि यन्त्रहरु भाडामा उपलब्ध गराउने 'कस्टम हायरिङ सेन्टर' वा ड्रोन सेवालाई प्रोत्साहन दिनुपर्छ।

**नवीनतम उपजको प्रवर्द्धन:** किवी, ड्रागन फल जस्ता नयाँ र बढी नाफामूलक खेती तथा कोदो, फापर जस्ता रैथाने बालीको व्यावसायिक उत्पादनमा युवाहरूलाई जोड्नुपर्छ।

**विविधीकरण:** गाउँमै खाद्य प्रशोधन, भण्डारण (Cold Chain) र ढुवानीका उद्यमहरु सुरू गरी युवाहरूलाई रोजगारी दिनुपर्छ।

**प्रौढ किसानका लागि सहजता:**

**कृषि यान्त्रिकीकरण:** वृद्ध किसानलाई थोरै श्रममा धेरै काम गर्न सकिने साना मेसिन र औजारहरूमा अनुदान दिनुपर्छ।

**सहकारी वा समूह केन्द्रित कृषि:** एकल खेतीभन्दा समूह वा सहकारीमार्फत सामूहिक खेती गर्दा श्रम र बजार व्यवस्थापनमा सहजता हुन्छ।

**सेवानिवृत्ति सुरक्षा:** वृद्ध किसानहरूका लागि पेन्सन, स्वास्थ्य बीमा वा सामाजिक सुरक्षाको व्यवस्था गर्नुपर्छ ताकि उनीहरूले ढुक्कसँग नयाँ पुस्तालाई फार्म हस्तान्तरण गर्न सकून्।

**उपसंहार**

सन् २००० भन्दा अघिको तुलनामा विश्वभर नै किसानहरूको औसत उमेर बढिरहेको छ। यसले गर्दा खेतबारी बाँझो रहने र उत्पादन घट्ने खतरा बढेको छ। वृद्ध किसानको अनुभव र युवाको नयाँ सोच एवं प्रविधिलाई फ्युजन गरेर मात्रै ग्रामीण अर्थतन्त्र सुदृढ हुन सक्छ। नेपाल जस्ता देशहरूले कृषि नीति, वित्तीय व्यवस्था र सामाजिक सुरक्षाका कार्यक्रममार्फत दुवै पुस्तालाई कृषिमा टिकाइराख्न ढिलाइ गर्नु हुँदैन। नेपालप्रेसबाट (लेखक संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि सङ्गठन (FAO) मा अन्तर्राष्ट्रिय कार्यक्रम संयोजकका रूपमा टिमोर-लेस्टेमा कार्यरत छन्।)

## प्रतिनिधिसभाको ........

अदालतका प्रधानन्यायाधीश, निर्वाचन आयोगका प्रमुख आयुक्तसहित विभिन्न संवैधानिक पदमा रिक्त रहेको छ ।

प्रतिनिधिसभाको अर्थ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति, उपभोक्ता तथा वाणिज्य र श्रम उपभोक्ता हित समिति, कानुन, न्याय तथा मानव अधिकार समिति, कृषि सहकारी तथा प्राकृतिक स्रोत समिति, पूर्वाधार विकास समिति, महिला तथा सामाजिक मामिला समिति, राज्य व्यवस्था तथा सुशासन समिति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति, सार्वजनिक लेखा समिति रहेका छन् ।

राष्ट्रियसभामा विकास, आर्थिक मामिला तथा सुशासन समिति, विधान व्यवस्था समिति, सार्वजनिक नीति तथा प्रत्यायोजित विधान समिति, संघीय सबलीकरण तथा राष्ट्रिय सरोकार समिति रहेका छन् ।

अधिवेशनका क्रममा सदनमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पछिल्ला वार्षिक प्रतिवेदनहरु पेस भएका थिए। रासस

## अनुसन्धान, प्रविधि र उत्पादनसाग जोडिएको शिक्षा आवश्यक: मुख्यमन्त्री पाण्डे

भञ्ज्याङ समाचारदाता/गण्डकी

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अनुसन्धान, प्रविधिको प्रयोग र उत्पादनसँग जोडिएको शिक्षा देशका लागि आवश्यक भएको बताउनुभएको छ । गण्डकी विश्वविद्यालयको आयोजित प्रथम दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उहाँले वैज्ञानिक अनुसन्धान, प्रविधिको प्रयोग र उत्पादनसँग जोडिएको शिक्षा प्रणालीले मात्र देशको आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने बताउनुभयो । उहाँले शिक्षा प्रणाली रोजगारी सिर्जना गर्ने उद्योग-व्यवसायसँग जोडिने किसिमको हुनुपर्नेमा जोड दिँदै उच्च शिक्षा पूरा गरेपछि ठूलो संयामा युवा विदेशिने प्रवृत्ति बढ्दो चिन्ताको विषय भएको बताउनुभयो।

शिक्षाविद् प्राडा केदारभक्त माथेमाले बदलिँदो विश्व परिवेशअनुसार शिक्षाको स्वरूप परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो। बजारमुखी, अनुसन्धानमुखी तथा कृत्रिम बौद्धिकतासँग सम्बन्धित विषयलाई पाठ्यक्रममा समेट्नुपनेमा जोड दिनुभयो। उहाँले विद्यार्थीहरूलाई केवल जानकारी नभइ सोच्ने, विश्लेषण गर्ने र समाधान निकाल्ने क्षमताको विकास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

## तपाईंको आज

**मेष**
घरखर्च बढ्नुका साथै अर्थअभाव देखापर्नेछ। काम बिग्रने भयले सताउनेछ। श्रमको उचित मूल्य पाइनेछ।

**वृष**
न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला।

**मिथुन**
मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला।

**कर्कट**
सहयोगीहरूले राम्रो साथ दिनेछन्। पहिलेको सफलताले पनि नयाँ अवसर दिलाउन सक्छ।

**सिंह**
आवश्यक भौतिक साधन सजिलै जुट्नेछन्। पहिलेको उपलब्धिले उत्साह जाग्नेछ। सोखले फजुल खर्च बढाउनेछ।

**कन्या**
व्यापारमा राम्रै फड्को मार्न सकिनेछ। आवश्यकता पूरा गर्न सरसापट वा ऋण लिनुपर्ने हुन सक्छ।

**तुला**
नयाँ काम गर्ने वातावरण बन्नेछ। पहिले रोकिएको काम पनि सम्पादन हुनेछ। योजना सार्वजनिक नगर्नुहोला।

**वृश्चिक**
मिहिनेतले लक्ष्यमा पुग्न सकिनेछ। कर्मयोगले नाम, दाम र इनाम दिलाउन सक्छ।

**धनु**
अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने मौका छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्।

**मकर**
प्रतिकूल परिस्थितिले चिन्ता बढाउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ने समय छ।

**कुम्भ**
पहिलेका कामबाट पनि मनग्य लाभ हुनेछ। उठ्नुपर्ने रकम प्राप्त हुनेछ। पेसा-व्यवसायमा फाइदा हुनेछ।

**मीन**
आˆना कमजोरीबाट लाभ उठाउनेहरु सक्रिय हुनेछन्। नयाँ काम गर्न केही समय लाग्नेछ।



**चिमखोला गाउँ :** म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ मा अवस्थित चिमखोला गाउँ । परम्परागत ढुङ्गे घरहरू मिलेर बसेको चिमखोला गाउँ थाली नाचको उद्गम थलोका रूपमा लिइन्छ । *तस्बिरः कमल खत्री/रासस*

# चलचित्रका लागि सुखद रह्यो '२०८२'

भञ्ज्याङ समाचारदाता/काठमाडौं

विसं २०८२ नेपाली चलचित्रका लागि समग्रमा सुखद रहेको यस क्षेत्रका जानकारहरूले बताएका छन्। यस वर्ष विषयवस्तु प्रधानसँगै 'स्टार' भनिने कलाकारका चलचित्रले दर्शक पाएका छन् अर्थात् यस वर्ष सबै किसिमका चलचित्र हेर्न दर्शक चलचित्र भवनमा पुगे । चलचित्र विकास बोर्डले यस वर्ष दुई सय ३० वटा नयाँ चलचित्र दर्ता र ९४ चलचित्रले चलचित्र जाँचका लागि सिफारिस प्राप्त गरेको जनाएको छ ।

यस वर्ष हालसम्म ५६ स्वदेशी र ९३ विदेशी चलचित्र प्रदर्शन भइसकेका छन् । यही चैत २७ मा प्रदर्शन हुने चलचित्र 'राम नाम सत्य' सँगै यो वर्ष प्रदर्शन हुने स्वदेशी चलचित्रको सङ्ख्या ५७ पुग्नेछ । बोर्डका अनुसार हाल नेपालमा एक सय ७२ चलचित्र भवन रहेका छन् भने चलचित्र उपलब्ध गराउने वितरक संस्थाको संख्या ४४ पुगेको छ ।

यस वर्षको हालसम्म नेपाली चलचित्र हेर्न ३७ लाख ८१ हजार ५४४ दर्शक चलचित्र भवन आउँदा रू एक अर्ब आठ करोड ३८ लाख ५७ हजार ९१० बराबरको व्यापार भएको छ । बोर्डअन्तर्गतको सेन्ट्रल म्यानेजमेन्ट टिकट सिस्टम (सिनेपा २ बक्सअफिस)मा रहेको तथ्याङ्कअनुसार गत कात्तिक १४ मा प्रदर्शन भएको चलचित्र 'परान' ले रू १७ करोड ७६ लाख ८४ हजार ४१० कमाई गर्दै घरेलुबजारमा सर्वाधिक कमाई गर्ने स्वदेशी चलचित्र बनेको छ ।

यस वर्ष सर्वाधिक कमाई गर्ने चलचित्र 'परान' का लागि कुल छ लाख ३० हजार ६९१ टिकट बिक्री भएका छन् । दीपकप्रसाद आचार्यले निर्देशन गर्नुभएको उक्त चलचित्रले विशेषतः परिवारलाई नै दर्शक बनाएर चलचित्र भवनसम्म ल्याउन सफल भएको थियो । चलचित्रमा नीर शाह, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, महेश त्रिपाठी, प्रवीन खतिवडालगायतका कलाकारले अभिनय गर्नुभएको छ।

यस्तै, यस वर्ष सर्वाधिक कमाई गर्ने सूचीको दोस्रो स्थानमा चलचित्र 'आ बाट आमा' रहेको छ । उक्त चलचित्रका लागि पाँच लाख चार हजार ३२९ टिकट बिक्री हुँदा रू १३ करोड १३ लाख ७८ हजार ५२० कमाई भएको छ । आमा र छोरा बीचको कथा देखाइएको चलचित्र हालसम्म पनि नेपालका केही चलचित्र भवनमा प्रदर्शनरत छ ।

सर्वाधिक कमाई गर्ने चलचित्रको सूचीको तेस्रो स्थानमा चलचित्र 'जेरी अन टप' रहेको छ। उक्त चलचित्रले रू १२ करोड २८ लाख ८४ हजार कमाई गर्न सफल भएको छ। उक्त चलचित्रका लागि तीन लाख ९६ हजार ५९७ टिकट बिक्री भएका छन् ।

प्रेम कथानक चलचित्र 'ऊनको स्वीटर' यस वर्ष विसं २०८२ मा सर्वाधिक कमाई गर्ने चलचित्र सूचीको चौथो स्थानमा रहेको छ। उक्त चलचित्रले घरेलुबजारमा रू ११ करोड ४१ लाख ९२ हजार १९५ कमाई गरेको छ । नवीन चौहानले निर्देशन गर्नुभएको उक्त चलचित्रका लागि तीन लाख ९२ हजार २४३ वटा टिकट बिक्री भएका छन् ।

यस्तै, पाँचौं स्थानमा रहेको चलचित्र 'जारी २' ले रू ६ करोड २४ लाख १७ हजार ४५३ कमाई गरेको छ । कवि उपेन्द्र सुब्बाले निर्देशन गर्नुभएको उक्त चलचित्रका लागि दुई लाख ९ हजार ३३३ टिकट बिक्री भएका छन् ।

यस्तै, सर्वाधिक कमाई गर्ने चलचित्रको छैटौं स्थानमा रहेको चलचित्र 'बलिदान' ले रू पाँच करोड १० लाख ५१ हजार १७२, सातौं स्थानमा रहेको चलचित्र 'मोहर' ले रू पाँच करोड आठ लाख ९५ हजार ५१२, आठौं स्थानमा रहेको चलचित्र 'हरिबहादुरको जुत्ता' ले रू चार करोड ७१ लाख ३८ हजार ६८७, नवौं स्थानमा रहेको चलचित्र 'माग्ने राजा' ले रू चार करोड ६९ लाख ४३ हजार ६५१ र दसौं स्थानमा रहेको चलचित्र 'माइतीघर' ले रू चार करोड १६ लाख ३१ हजार ८६३ कमाई गरेको छ ।

यस वर्ष चलचित्रमा विषयवस्तु वा कथा आकर्षणसँगै 'स्टारडम' भएका कलाकारको चलचित्रलाई दर्शकको साथ प्राप्त हुनु सुखद रहेको चलचित्रकर्मीको भनाइ छ। समग्रमा चलचित्रका लागि यो वर्ष सुखद नै रहेको निर्देशक तुलसी घिमिरेको बुझाइ छ। झन्डै सात वर्षको विश्रामपश्चात् चलचित्र 'पहाड' मार्फत पुनः निर्देशनमा सक्रिय हुनुभएका उहाँले दर्शकको अपेक्षाअनुसारको चलचित्र निर्माण गर्न सके घरेलुबजार राम्रो रहेको विश्लेषण गर्नुभयो ।

"यहाँ रू ५० करोड व्यापार गर्ने चलचित्र पनि छन् भने रू ५० हजार व्यापार गर्ने पनि । यसकारण दर्शकसम्म चलचित्रको जानकारी पुग्ने हो भने घरेलुबजार नै पर्याप्त छ, तर त्यो सीमित चलचित्रको हकमा देखिएको छ । ती चलचित्रको समानता हेर्ने हो भने सबै सामाजिक विषयमा आधारित चलचित्र रहेका छन्", निर्देशक घिमिरेले भन्नुभयो, "नेपाली समाज र माटो सुहाउँदो चलचित्र बनाउन सके हामीले राम्रो बजार पाउँछौं ।" रासस


## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

**सेवा करारमा सहजकर्ता पदपुर्ति गर्ने सम्वन्धी सुचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/२३**

व्यास नगरपालिका आ.ब. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सशर्त अनुदान तर्फको किसान सूचीकरण कार्यक्रम सञ्चालनका लागि किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ को परिच्छेद ६ दफा २३ को उपदफा २ मा व्यवस्था भए बमोजिम नगरपालिकाको विभिन्न वडाहरुमा कार्यक्रम सञ्चालन गर्न किसान सूचीकरण सहजकर्ता देहायको संख्यामा सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र रितपुर्वक दरखास्त पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ ।

| क.स. | पद/तह | माग संख्या | कार्यक्षेत्र | सेवा सुविधा |
|---|---|---|---|---|
| १ | किसान सूचीकरण सहजकर्ता | ६ जना | वडा नं १,४,७,८ र विभिन्न वडाका सूचिकृत हुन छुटपुट कृपकहरु | किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्वन्धी खर्चको मापदण्ड, २०८२ अनुसार पारिश्रमिक उपलब्ध गराईनेछ । |

क. आवश्यक शैक्षिक योग्यताः
१. मान्यता प्राप्त शिक्षण संस्थावाट माध्यमिक तह (कक्षा १२) वा सो सरह उत्तीर्ण गरेको (कृषि तथा पशु विज्ञान विषयमा जे.टि./जे.टि.ए/TSLC उत्तिर्ण गरेकालाई विशेष प्राथमिकता) ।
२. कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको र ईन्टरनेटवाट डाटा इन्ट्री गर्न सक्षम भएको ।
३. आफ्नै मोवाईल/ट्यावलेट/ल्यापटप साथमा भई चलाउन जान्ने ।
ख. दरखास्त दिने स्थानः व्यास नगरपालिकाको कार्यालय, दमौली, तनहुं।
ग. दरखास्त दिने अन्तिम मितिः २०८२/१२/२९ गते कार्यालय समयभित्र।
घ. दरखास्त दस्तुरः रु.१००।
ङ. छनौटको किसिमः छोटो सुचि र अन्तवार्ता ।
च. निवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरुः
१. उम्मेदवारको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. माथि उल्लेखित न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो १ प्रति ।
३. व्यास नगरपालिकाको राजश्व शाखामा तोकिएको दस्तुर जम्मा गरेको सक्कल भौचर ।

❖ थप जानकारीको लागि कृषि विकास उपशाखा, व्यास नगरपालिकामा सम्पर्क (स.नं ९८६६००९१४,९८६५००३१३६) गर्नुहुन अनुरोध छ।

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत


# डुम्रे बजारमा अनुगमनः ५० हजार भन्दा बढीका अखाद्य वस्तु नष्ट

भञ्ज्याङ समाचारदाता/डुम्रे

बन्दीपुर गाउँपालिकाको आयोजना तथा खाद्य प्रविधी तथा गुण नियन्त्रण कार्यालय तनहुँको समन्वयमा डुम्रे बजार क्षेत्रमा दुई दिनसम्म बजार अनुगमन गरिएको छ। बिहिबार र शुक्रबार सञ्चालन गरिएको अनुगमनमा खाद्य निरीक्षण अधिकृत, गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, नेपाल प्रहरी, उद्योग वाणिज्य संघ डुम्रे इकाईका प्रतिनिधि, नगर प्रहरी तथा स्थानीय बासिन्दाहरूको सक्रिय सहभागिता रहेको थियो।

अनुगमनका क्रममा बिहीबार ४९ र शुक्रबार ६९ गरी कुल ११८ वटा पसल तथा होटल व्यवसायको निरीक्षण गरिएको थियो। सो क्रममा करिब रू ५० हजार ६५० बराबरका खान अयोग्य, म्याद नाघेका तथा अवैध खाद्य पदार्थहरु जफत गरी नष्ट गरिएको गाउँपालिकाका उपाध्यक्ष पञ्चमाया गुरूङले बताइन् ।



त्यसैगरी, टिपिएम भ्यालु २५ भन्दा बढी भएका तथा पटक-पटक प्रयोग गरिएका करिब २० लिटर अखाद्य तेल पनि नष्ट गरिएको छ। ११८ वटा व्यवसायमध्ये २६ वटा व्यवसायलाई दर्ता गर्न ७ दिनको समयसीमा दिइएको छ भने पटक-पटक निर्देशन अटेर गर्ने एक खाजा घरलाई गाउँपालिकाले रू ५ हजार जरिवाना गरिएको छ।

अनुगमनका क्रममा अधिकांश व्यवसायीलाई नियमित सरसफाइ कायम राख्न, खाद्य स्वच्छता तथा गुणस्तर सुनिश्चित गर्न, गुणस्तरीय खाद्य सामग्री मात्र बिक्री-वितरण गर्न तथा दर्ता नविकरण प्रक्रिया व्यवस्थित राख्न निर्देशन दिइएको खाद्य डिभिजन दमौलीका प्रमुख ज्योति आचार्यले बताए ।


## डिभिजन वन कार्यालय तनहुँको अनुरोध

- वन र वन्यजन्तुहरू हाम्रा अमूल्य सम्पत्ती हुन, यिनीहरुको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य हो ।
- वन्यजन्तुको चोरी शिकारी, वन पैदावारको चोरीकटानी र ओसारपसार, वन क्षेत्रमा अतिक्रमण जस्ता कार्यहरू गर्नु गराउनु हुँदैन । यस्ता कार्यहरू गरे गराएमा वन ऐन, २०७६ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार वन सम्बन्धी कसुर/अपराध गरेको मानिन्छ। वन तथा वन्यजन्तु सम्बन्धी कसुर/अपराधहरू फौजदारी अभियोग हो ।

**तसर्थ,**

- कुनै पनि वन्यजन्तु मार्ने, शिकार गर्ने, वन्यजन्तुको अङ्ग ओसारपसार गर्ने, बिना इजाजत काठ, दाउरा, जडीबुटी लगायतका अन्य वन पैदावारहरू समेतको संकलन र ओसार पसार गर्ने तथा वन क्षेत्रको जग्गा अतिक्रमण गर्ने जस्ता कार्यहरू नगरौ नगराऔं ।
- वन तथा वन्यजन्तुको संरक्षणमा सहभागी बनी असल नागरिकको भूमिका निर्वाह गरौं
- वन सम्बन्धी अपराध हुन लागेको, भईरहेको थाह पाएमा/देखेमा नजिकको डिभिजन वन कार्यालय, सब डिभिजन वन कार्यालयहरू तथा प्रहरी कार्यालयहरूमा खबर गरौ ।

**डिभिजन वन कार्यालय**
दमौली, तनहुँ । फोन : ०६५-५६३१३५



## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**वैशाख 04 गते शुक्रबार**

१)काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**फेवातालमा पर्यटकको चहलपहल :** पोखराको पर्यटकीय गन्तव्य फेवातालमा शनिबार आन्तरिक पर्यटकको चहलपहल । पोखरामा केही दिन यता पर्यटक आगमन उत्साहजनक छ । *तस्बिरः कृष्ण दवाडी/रासस*

# पोखरा-मुग्लिन सडकको पश्चिम खण्डको भौतिक प्रगति ६२ प्रतिशत

**भञ्ज्याङ समाचारदाता**/गण्डकी

आगामी असारसम्ममा निर्माण सक्ने लक्ष्यसहित पोखरा–मुग्लिन सडकको पश्चिम खण्डको कामलाई तीव्रता दिइएको छ । पोखराको सेती पुलदेखि तनहुँको जामुने जोड्ने उक्त सडकखण्डको भौतिक प्रगति ७७.४७ प्रतिशत र वित्तीय प्रगति ६२.२० प्रतिशत पुगेको छ । उक्त खण्डका प्रमुख इन्जिनियर कृष्णबहादुर कुँवरले छिटफुट बाहेकका काम निर्धारित समयमै सकिने बताए ।

कुल ३८.७१ किलोटोमिटर दूरीको उक्त खण्डमा हालसम्म ३७.२८ किमीमा दोस्रो चरणको कालोपत्र भइसकेको छ । कुल ३६.३२ किमीको सर्विस लेनमा हालसम्म १७.६६ किमी कालोपत्र भइसकेको इन्जिनियर कुँवरले जानकारी दिए । एक सय पाँचवटा कल्भर्ट निर्माण भइसकेको र नाली निर्माणको काम पनि अन्तिम चरणमा रहेको उहाँको भनाइ छ। यस खण्डमा पर्ने १३ पुलमध्ये १२ वटा पुल निर्माण भइसकेका छन्।

सेती पुल भने निर्माणको चरणमा छ । 'रोड मार्किङ' गर्ने, 'रोड सेफ्टी ब्यारीअर' राख्ने लगायतका काम पनि इन्जिनियर कुँवरले बताए। चार लेन सडकतर्फ विजयपुर पुलको आडमा चार सय मिटर र पोखरा विश्वविद्यालय अगाडि एक सय मिटरमात्र कालोपत्र गर्न बाँकी रहेको उनको भनाइ छ । "अहिले सर्विस लेन निर्माणको काम धमाधम भइरहेको छ। ३८.७१ किमीको पश्चिम खण्डमा २०.५५ किमी चार लेन र १८.१६ किमी छ लेनको सडक बन्छ", इन्जिनियर कुँवरले बताए।

अहिले तालचोकदेखि डाँडाकोनाक र खैरेनीटारदेखि दुलेगौँडासम्म 'रोड सेफ्टी ब्यारीअर' निर्माणको काम भइरहेको जनाइएको छ। जामुनेदेखि दुलेगौँडासम्म 'रोड मार्किङ'को काम भइरहेको आयोजना कार्यालयले जनाएको छ । यस वर्षमात्र ३३.७८ किमीको चार लेन सडकमा अस्फाल्ट प्रविधिबाट दोस्रो तहको कालोपत्र भएको हो । १५.६ किमी सर्विस लेनसहित विजयपुर खोला पुल र दुईवटा कल्भर्ट निर्माण गरिएको छ । १२.१ किमीको चार लेन सडकमा यही वर्ष पहिलो तहको कालोपत्र गरिएको हो ।

अघिल्ला वर्षको तुलनामा यस वर्ष सडक निर्माणको कामले गति लिएको इन्जिनियर कुँवरले बताए। यसअघि सडक निर्माणकार्य सुस्त हुँदा ठेक्काको म्याद पनि थपिँदै आएको थियो । चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले यस खण्डमा सडक विस्तार एवं स्तरोन्नतिको काम गरिरहेको हो।

सडक ठेक्काअन्तर्गतका १२ वटा पुल बने पनि पुल ठेक्का अन्तर्गत पोखराको सेती पुल निर्माणाधीन अवस्थामा छ। उक्त पुलको भौतिक प्रगति ५८.३७ प्रतिशत पुगेको आयोजना कार्यालयले जनाएको छ। आकर्षक डिजाइनमा बन्ने उक्त सिग्नेचर पुल रसुवा कन्स्ट्रक्सनले निर्माण गरिरहेको हो । 'केबल–स्टेड' प्रविधिको उक्त पुलमा जग र टावर निर्माणको काम पूरा भइसकेको इन्जिनियर कुँवरले बताउनुभयो । अहिले सुप–स्ट्रक्चरको काम भइरहेको उहाँको भनाइ छ ।

गत भदौमा तीनवर्षे ठेक्का अवधि सकिएपछि पुल निर्माणका लागि आगामी वैशाखसम्म म्याद थप भएको छ । निर्माण कम्पनीले पुलका लागि चाहिने केबललगायत सामग्री समयमा ल्याउन नसक्दा पनि काममा ढिलाइ भएको इन्जिनियर कुँवरले बताए । अहिले रहेको चाइना पुलको तल र माथि गरी आकर्षक बनावटका दुईवटा 'सिग्नेचर' पुल बन्ने उनको भनाइ छ । एसियाली विकास बैंकको ऋण सहयोगमा सडक विभागमार्फत रू ९४ करोडको ठेक्कामा उक्त पुल निर्माण भइरहेको हो ।



**पहिरो रोकथाम :** तनहुँको व्यास नगरपालिका-४ स्थित मादी पुलनजिक पहिरो रोकथामका लागि काम हुँदै । मादी पुलको पहुँच सडक निर्माणका लागि भित्ता काट्ने गरिँदा यहाँ पहिरोको जोखिम बढेको छ । *तस्बिर : भञ्ज्याङ*

www.bhanjyangnews.com

facebook twitter



**Nilamber Acharya**
x.com/nilacharya

आशङ्का छन् :
प्रजातान्त्रिक अधिकार अचानोमा पर्ने हुन् कि?
नागरिक स्वतन्त्रताहरु खुम्चिने हुन् कि?
कानूनको शासनलाई हुकुमी प्रवृत्तिले उछिन्ने हो कि ?
प्रकृतिक न्याय खतरामा पर्ने हो कि ?
केही लक्षण देखिन्छन् ।
आशङ्का बढ्न नपाउन्
र सन्देह गर्ने अधिकार अक्षुण्ण रहोस् ।
कल्याण होस् !



**Purna Adhikari**
x.com/PurnaAdh

नेपालले विश्वभर फैलिएका गैरआवासीय नेपाली (NRN) लाई राष्ट्रिय विकासको महत्वपूर्ण साझेदारको रुपमा स्वीकार गरिसकेको छ। गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ मार्फत NRN नागरिकता र परिचयपत्रको व्यवस्था हुनु ऐतिहासिक उपलब्धि हो। तर व्यवहारमा यी दस्तावेजहरु अझै पनि बैंक तथा वित्तीय संस्थाहरुमा पूर्ण रुपमा मान्यता प्राप्त गर्न सकेका छैनन्। आज पनि अधिकांश बैंकहरुले NRN परिचयभन्दा भिसा, बसोबास अनुमति र विदेशी कागजातलाई प्राथमिकता दिन्छन्, जसका कारण खाता खोल्ने, सञ्चालन गर्ने र नवीकरण गर्ने क्रममा जटिलता बढेको छ। कतिपय अवस्थामा KYC अद्यावधिक नभएको वा कारोबार कम भएको भन्दै खाता निष्क्रिय बनाइन्छ, जसले NRN हरुको आर्थिक गतिविधिमा प्रत्यक्ष असर पार्दछ।
यसले नीति र कार्यान्वयनबीच गम्भीर खाडल देखाउँछ– NRN लाई भावनात्मक रुपमा स्वीकार गरिएको छ, तर प्रणालीगत रुपमा अझै स्वीकार गरिएको छैन। अब आवश्यक छ कि नेपाल राष्ट्र बैंक ले NRN नागरिकता र परिचयपत्रलाई बैंकिङ KYC का रुपमा औपचारिक मान्यता दिँदै एकीकृत निर्देशिका जारी गरोस्। यसले मात्र ल्व्ल हरुको वित्तीय पहुँच सहज बनाउँदै लगानी, विदेशी मुद्रा प्रवाह र नेपालको आर्थिक विकासलाई ठोस रुपमा बलियो बनाउन सक्छ ।

# थुनेलो रोकथामका लागि नि:शुल्क परीक्षण

**भञ्ज्याङ समाचारदाता**/भानु

तनहुँको भानु नगरपालिकामा व्यावसायिक रुपमा पालन गरिएका पशुमा थुनेलो देखिएपछि नि:शुल्क उपचार तथा सामग्री वितरण गरिएको छ । भानु नगरपालिका, पशुपन्छी तथा मत्स्य विकास शाखाद्वारा आयोजित थुनेलो परीक्षण कार्यक्रममा पशुपालक किसानलाई औषधिसहित उपचार सामग्री नि:शुल्क वितरण गरिएको हो । भानु नगरपालिका–११ रुपाकोटस्थित मिलिजुली दुग्ध उत्पादक कृषक समूहको सहकार्यमा सञ्चालित कार्यक्रममा संस्थामा आबद्ध किसानका गाईभैँसीको थुनेलो परीक्षण गरी संक्रमण देखिएका पशुलाई आवश्यक उपचार सामग्री तथा मिनिरल–भिटामिन वितरण गरिएको समूहका अध्यक्ष उमेश अधिकारीले जानकारी दिए ।

उनका अनुसार शिविरमा १४ कृषकका १६ वटा गाईभैँसीको दूधको नमूना संकलन गरी परीक्षणसमेत गरिएको थियो । ११ गाई र पाँच भैँसीको नमूना परीक्षण गर्दा ११ कृषकका सात गाई र तीन भैँसीमा थुनेलो संक्रमण देखिएको अधिकारीले जानकारी दिए ।

संक्रमण देखिएका पशुलाई औषधिसहित उपचार सामग्री वितरण गर्नुका साथै किसानलाई थुनेलो रोगका लक्षण, असर तथा रोग लाग्न नदिन अपनाउनुपर्ने सावधानीका उपायबारे पनि प्रशिक्षण दिइएको वडा नं ११ का अध्यक्ष विमलराज जोशीले जानकारी दिए। प्राविधिक अमित ढुङ्गाना, अनिता विक, ललिता बुढाथोकी र देवराज भण्डारीले उपचार सेवा प्रदान गर्नुका साथै प्रशिक्षण दिएका थिए ।

पछिल्लो समय विशेषगरी गाईभैँसीमा थुनेलो रोगको प्रकोप बढ्दै गएको पाइएको छ । रोगका कारण दूध उत्पादनमा कमी आउनुका साथै पशुको स्वास्थ्यमा गम्भीर असर पर्दा किसानको लगानीसमेत जोखिममा पर्ने गरेको छ ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४